# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## गभर्नर डा. नेपालसँग बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिमण्डलद्वारा भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल बैंकर्स संघका अध्यक्ष उपेन्द्र पौडेल, विकास बैंक संघका अध्यक्ष कृष्णराज लामिछाने र नेपाल वित्त कम्पनी संघका अध्यक्ष सरोजकाजी तुलाधरको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले असोज १७ गते संयुक्त रूपमा भेटवार्ता गर्‍यो । विगत एक महिनाभन्दा बढी समयदेखि तराईमा जारी रहेको बन्द, हड्ताल तथा हालै भारतीय सीमामा भएको यातायात अवरोधका कारण मुलुकको आर्थिक अवस्थामा परेको असर तथा सोबाट वित्तीय क्षेत्रमा परेका समस्याका सम्बन्धमा सो भेटवार्तामा छलफल भएको थियो ।

२०७२ वैशाखमा गएको भूकम्पबाट मुलुक पीडित रहेकै अवस्थामा उत्पन्न उपर्युक्त समस्याको समाधानका लागि नेपाल राष्ट्र बैंक लगायत समग्र वित्तीय क्षेत्रबाट चाल्नुपर्ने कदमहरुको बारेमा सो अवसरमा छलफल भएको थियो । उक्त भेटवार्ताका क्रममा उत्पादन, वितरण तथा सेवा क्षेत्रसँग सम्बन्धित निजी क्षेत्रका प्रतिनिधिमूलक सस्थाहरुसँगको समन्वयमा बैंक तथा वित्तीय संस्थाका संघहरुले समस्या र समाधानका उपाय पहिचान गरी नेपाल राष्ट्र बैंकमा पेश गर्न गभर्नर डा. नेपालले आग्रह गर्नुभयो । सोही क्रममा नेपाल उद्योग वाणिज्य महासंघ एवम् अन्य व्यावसायिक संघहरूले नेपाल राष्ट्र बैंकमा पेश गरेका समस्याहरूको समाधानका बारेमा समेत छलफल भएको थियो ।

**२०७२ असोज १७ गते आइतबार**

**गभर्नरको कार्यालय**